# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८२/०८३

च. नं.:

मिति: २०८२/०७/१४

**विषयः लेखापरीक्षणका लागि आशयपत्र पेस गर्ने सम्बन्धी सूचना ।**

सत्यवती गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/०६/२३ गतेको निर्णयानुसार गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा सामुदायिक सिकाई केन्द्रहरुको आ.व. २०८१/०८२ को आम्दानी खर्चको श्रेस्ता सत्यवती गाउँपालिकाको शिक्षा ऐन, २०७५ अनुसार लेखापरीक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा रजिष्टर भएका इच्छुक लेखापरीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समयभित्र लेखापरीक्षणका लागि आशयपत्र पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

१. सम्बन्धित व्यक्तिको निवेदन।
२. नेपाली नागरिकता तथा पेशागत कागजातहरुको प्रतिलिपि।
३. लेखापरीक्षक फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. आ.व. २०८१/०८२ का लागि नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
६. स्थायी लेखा नम्बर भएको परिचयपत्रको प्रतिलिपि ।
७. मूल्य अभिवृद्धि कर (VAT) मा आबद्ध भएको प्रमाणपत्रको प्रतिलिपि।
८. फर्म/संस्था कालो सूचीमा नपरेको स्व-घोषणा पत्र।
९. नेपाल सरकार मातहतका निकायमा कार्यरत कर्मचारीको हकमा विभागीय अनुमति पत्र।

२०८२/०७/१४

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo